annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ८७ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ९ साउन २०८२ | श्रावण कृष्णपक्ष चतुर्दशी नेपाल सं... Y 25, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## नेपालको राहदानी फेरि कमजोर सूचीमा




**काठमाडौं** (अन्नपूर्ण) : नेपालको राहदानी पुनः विश्वकै कमजोर सूचीमा परेको छ। द हेन्ली पासपोर्ट इन्डेक्सले २०२५ का लागि जारी गरेको सूचीमा नेपाल ९५औं स्थानमा छ। ९९ वटा सूचीमध्ये नेपाल र लिबिया ९५औं स्थानमा परेका छन।

नेपालभन्दा पछि यमन, सोमालिया, पाकिस्तान, इराक, सिरिया र अन्तिममा अफगानिस्तान छ। कमजोर सूचीमा नेपालसँगै बंगलादेश, इरिट्रिया, प्यालेस्टियान टेरोटेरी, उत्तर कोरिया, सुडान र श्रीलंका छन्। दक्षिण एसियाली मुलुकमध्ये भुटान ८४औं, भारत ७७औं र माल्दिभ्स सबैभन्दा माथि ५३औं स्थानमा छ। त्यस्तै, शक्तिशाली राहदानीको नम्बर १ मा सिंगापुर छ। त्यसपछि दोस्रोमा जापान र दक्षिण कोरिया, तेस्रोमा डेनमार्क, फिनल्यान्ड, फ्रान्स, जर्मनी, आयरल्यान्ड, इटाली र स्पेन छन्। त्यस्तै, चौथो र्‍यांकमा अस्ट्रिया, बेल्जियम, लक्जम्बर्ग, नेदरल्यान्ड्स, नर्वे, पोर्चुगल र स्विडेन छन्।

त्यस्तै, पाँचौं र्‍यांकमा ग्रिस, न्युजिल्यान्ड, स्विटजरल्यान्ड, छैटौंमा बेलायत, सातौंमा अस्ट्रेलिया, चेक रिपब्लिक, हंगेरी, माल्टा र पोल्यान्ड छन्। त्यस्तै आठौंमा क्यानडा, इस्टोनिया, संयुक्त अरब इमिरेट्स, नवौंमा क्रोएसिया, लाटभया, स्लोभाकिया र स्लोभेनिया र दसौंमा आइसल्यान्ड, लिथुनिया र अमेरिका छन्। यसअघिको वर्षमा पनि नेपालको पासपोर्ट कमजोर सूचीमै परेको थियो। द हेन्ली पासपोर्ट इन्डेक्समा नेपालको पासपोर्ट निरन्तर कमजोर र्‍यांकमा पर्दै आएको छ।

## रुसी विमान दुर्घटना, सबै यात्रुको मृत्यु



**मस्को** (एजेन्सी) : रुसको सुदूरपूर्वी दुर्गम क्षेत्रमा बिहीबार करिब ५० जना यात्रु बोकेको यात्रुवाहक विमान दुर्घटना हुँदा त्यसमा सवार सबैको मृत्यु भएको बताइएको छ।

सोभियत संघमा निर्मित टिन प्रोपेलर एन्टोनोभ-२४ विमान दुर्गम र घना जंगलमा खसेको र दुर्घटनास्थलबाट धुवाँको मुस्लो उडेको देखिएको भिडियोहरू रुसी सञ्चारमाध्यमले देखाएका छन्। ती भिडियोमा घटनास्थलमा जीवित व्यक्तिको कुनै संकेत नपाइएको देखाइएको छ। अंगारा एयरलाइन्सको विमान ब्लागोभेस्चेन्स्क सहरबाट टिन्डा सहरतर्फ जाँदै गर्दा स्थानीय समयअनुसार दिउँसो १ बजे राडारसँग सम्पर्कविच्छेद भएको थियो।

एक उद्धार हेलिकप्टरले टिन्डा विमानस्थलबाट करिब १५ किलोमिटर दक्षिणमा रहेको पहाडमा विमान जलिरहेको भग्नावशेष फेला पारेको थियो। सरकारी समाचार संस्था तासका अनुसार दुर्घटना भएको केही घण्टापछि मात्र खोजी तथा उद्धार टोली घटनास्थल पुगेको थियो र त्यहाँ कोही पनि जीवित नरहेको पाइएको थियो।

कभर स्टोरी

# एक सय वर्षलाई नेपालकै फलाम

प्रकृतिले मुलुकलाई के दिएको छैन ? फलाम खानी यहीँ छन्, पेट्रोलका खानी छन् । तर, सरकारको ध्यान पुगेन, खानीको उपभोग भएन । धौवादी फलाम खानीकै कुरा गरौं न, एक सय वर्षलाई पुग्ने फलाम छ, तर जमिनमुनि लुकेर बसेको छ । यो खानीको विकास गरे फलामको आयात घटनेछ । स्टिलका उद्योग फस्टाउनेछन् । रोजगारी सिर्जना हुनेछ । स्वदेशी पुँजी स्वदेशमै रहनेछ । त्यसैकारण जति सक्दो चाँडो सरकारले यो खानी सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्छ ।

खानीको औपचारिक अध्ययन
**२०६९ देखि २०७५**

अध्ययनले पत्ता लगाएको फलाम खानीको भूभाग
**१० किलोमिटर**

धौवादी फलाम कम्पनी लिमिटेड स्थापना
**२०७६ भदौ ४**

धौवादी फलाम खानीको क्षेत्रफल
**४१ वर्ग किलोमिटर**

दैनिक फलाम उत्पादन गर्ने क्षमता
**१,५०० टन**

मुलुकको मागको प्रतिस्थापन गर्ने
**एक चौथाइ**

प्रारम्भिक लगानी
**५२ देखि ५५ अर्ब**

उत्पादन सुरु हुने
**२०८५**


प्रत्यक्ष रोजगारी
**२,५०० जना**

अप्रत्यक्ष रोजगारी
**२५,००० जना**

**रमेश बस्ताकोटी** | *नवलपुर*

– को रिपोर्ट

समाचार पृष्ठ २



# संवैधानिक परिषद् विधेयक राष्ट्रपतिद्वारा फिर्ता

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी ऐन, २०६६ मा संशोधनसम्बन्धी विधेयक प्रतिनिधिसभामा फिर्ता पठाएका छन्। दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि पठाइएको उक्त विधेयकलाई पुनर्विचारका लागि उत्पत्ति भएको प्रतिनिधिसभामै फिर्ता पठाइएको हो। संविधानको मर्म, भावना तथा लोकतान्त्रिक मूल्य, मान्यता र विश्वव्यापी अभ्यास प्रतिकूल रहेको भन्दै संविधानको धारा ११३ को उपधारा (३) बमोजिम पुनर्विचारका लागि राष्ट्रपतिले फिर्ता पठाइएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए।

राष्ट्रपति पौडेलले पाँच सन्देशसहित विधेयक फिर्ता पठाएका हुन्। असार ३१ गते राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि विधेयक पेस भएको थियो। राष्ट्रपति पौडेलले संवैधानिक परिषद्मा उल्लेखित कुल संख्याको सर्वसम्मतिबाटै सिफारिस र निर्णय हुनुपर्ने अडान राखेका छन्। ६ सदस्यीय परिषद्मा हाल अध्यक्ष र चार जना सदस्यको उपस्थितिमा मात्रै गणपूरक संख्या पुगेको मानिन्छ। तर, संशोधित विधेयकमा अध्यक्ष र तीन जना सदस्य कायम रहेको अवस्थामा अध्यक्ष र एक जना सदस्यमात्रै उपस्थित भएमा गणपूरक मानिने व्यवस्था छ। राष्ट्रपति पौडेलले सन्देशमा भनेका छन्, ‘बहाल रहेका सदस्यहरू पनि कुनै अमूक बेलामा बहाल रहँदैनन् वा अनुपस्थित हुन सक्छन् भनी कल्पनातीत अवस्थालाई लक्षित गरी कानुन बनाउँदा त्यसले गम्भीर र जटिल परिस्थितिको सिर्जना नगरोस् भन्नेतर्फ पनि मेरो ध्यान आकृष्ट भएको छ।’ राष्ट्रपति पौडेलले संशोधित विधेयकमा कम्तीमा अध्यक्ष र बहाल रहेका सदस्यहरूको ५० प्रतिशत उपस्थित हुँदा कायम हुन सक्ने सदस्यमात्र सम्मिलित भएर परिषद्को तर्फबाट गर्ने निर्णय ‘अल्पमत’ भन्ने बुझिने तर्क गरेका छन्।

संशोधित विधेयकप्रति राष्ट्रपति पौडेलको असहमति छ- ‘प्रथम दृष्टिमै संविधानको धारा २८४ को भावना र मर्म एवं विश्वव्यापी लोकतान्त्रिक अभ्यास र मान्यता प्रतिकूल हुने देखिएको तथा यस्तो अभ्यासले संवैधानिकतालाई सीमित र संकुचित बनाउँछ कि भन्ने मेरो आशंका छ।’ प्रमाणीकरणका लागि पेस भएको विधेयक राष्ट्रपतिबाट १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ। तर कुनै विधेयकमा पुनर्विचार गर्नुपर्ने लागेमा राष्ट्रपतिले उत्पत्ति भएकै सदनमा विधेयक फिर्ता पठाउन सक्ने पनि संवैधानिक व्यवस्था छ।

> संवैधानिक परिषद्मा उल्लेखित कुल संख्याको सर्वसम्मतिबाटै सिफारिस र निर्णय हुनुपर्दछ ।
>
> **रामचन्द्र पौडेल**, राष्ट्रपति

यो विधेयक २०७९ फागुन १२ गते प्रतिनिधिसभामा दर्ता भएको थियो। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले दर्ता गरेका थिए। २०८१ माघ २७ गते बसेको प्रतिनिधिसभाको बैठकले संशोधनसहित पारित गरेको थियो। राष्ट्रियसभाले २०८१ चैत्र ६ गते संशोधनसहित पारित गरी प्रतिनिधिसभामा फिर्ता पठाएको थियो। राष्ट्रियसभाले गरेका संशोधन स्वीकार गरी प्रतिनिधिसभाले २०८२ असार २५ गते पारित गरेको थियो।

**किन पर्‍यो विवादमा विधेयक ?**

संविधानको धारा २८४ मा संवैधानिक परिषद्को व्यवस्था छ। संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभा सभामुख, राष्ट्रियसभा अध्यक्ष, प्रतिनिधिसभा उपसभामुख र विपक्षी दलको नेता रहने व्यवस्था छ। परिषद्को अध्यक्ष प्रधानमन्त्री हुन्छन्। प्रस्तावित विधेयकमा परिषद्को बैठकमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था गरिएको छ।

बाँकी पृष्ठ ६

## सीमा विवादले थाइल्यान्ड र कम्बोडियाबीच द्वन्द्व



**बैंकक** (एजेन्सी) : थाइल्यान्ड-कम्बोडिया सीमामा जारी सैन्य झडपमा हालसम्म कम्तीमा १२ जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्। थाइल्यान्डका स्वास्थ्यमन्त्रीले झडपमा १ सैनिक र ११ जना सर्वसाधारणको मृत्यु भएको बताएका छन्।

थाइल्यान्ड र कम्बोडियाबीच लामो समयदेखि विवादित सीमा क्षेत्रहरूमा बिहीबार सशस्त्र झडप भएको हो। यसले महिनौंदेखिको तनावले झडपको रूप लिएको हो। लडाइँमा गोली हानाहान, गोलाबारी र रकेट प्रहार भएका थिए। थाई अधिकारीहरूका अनुसार तीन प्रान्तमा थाई नागरिकको मृत्यु भएको थियो। थाइल्यान्डले हवाई आक्रमण गरेर जवाफ दिएको छ। मे महिनामा कम्बोडियाका एक सैनिकको गोली हानी हत्या भएपछि भएको यो दोस्रो सशस्त्र भिडन्त हो।

सीमामा कम्तीमा ६ वटा क्षेत्रमा झडप जारी रहेको थाई रक्षा मन्त्रालयले जनाएको छ। पहिलो भिडन्त बिहीबार बिहान सुरिन र कम्बोडियाको ओद्दार मिनचे प्रान्तको सिमानामा रहेको प्राचीन ता मुएन थोम मन्दिर नजिकैको क्षेत्रमा भएको थियो।